# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।१२।१४ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सिराहा, कर्जन्हा नगरपालिकाबाट आ.व. २०७८/०७९ मा प्रशासनिक भवन निर्माणको लागि भएको ठेक्कामा अनिमियतता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **तत्कालीन नगर प्रमुख गंगा पासमान र तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत जगदीश मण्डलले** प्रक्रिया पूरा नभएसम्म नगरपालिकाको कार्यालय अन्यत्र स्थानान्तरण नगर्नु नगराउनु भनी विपक्षीहरुको नाममा निषेधाज्ञाको आदेश जारी हुने र तोकिएको साविक कर्जन्हा गा.वि.स.को कार्यालय रहेको स्थानबाट नगरपालिकाको कार्यालय संचालन गर्नु भनी विपक्षीहरु कर्जन्हा नगरपालिकाको नगरप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको नाममा उच्च अदालत जनकपुर, राजविराजको परमादेशको आदेश जारी हुने भनी आदेश भएको देखिँदादेखिँदै उच्च अदालत जनकपुर, राजविराजबाट भएको आदेशको परिपालन नगरी साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा व्यवस्था रहेको सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई वोलपत्र आव्हान गर्न नहुने प्रावधान विपरीत स्थानीय तहको केन्द्र परिवर्तन नहुँदै प्रशासनिक भवन बनाउनको लागि बोलपत्र आव्हानको लागि निर्णय गरी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गराउने कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिएकोले निजहरुउपर रु.१,०८,००,०००/- (एक करोड आठ लाख रुपैयाँ) बिगो कायम गरी सोही ऐनले निर्देश गरे अनुसार दफा ३(१)(झ) र ३(१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन मागदाबी लिइएको छ।

**तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत बुद्धिमान दनुवार र लेखापाल प्रविन कुमार महतोले** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा व्यवस्था रहेको सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई वोलपत्र आव्हान गर्न नहुने प्रावधान विपरीत स्थानीय तहको केन्द्र परिवर्तन नहुँदै र उच्च अदालत जनकपुर, राजविराजबाट भएको आदेशको परिपालन नगरी प्रशासनिक भवन बनाउनको लागि सम्झौता गर्ने निर्णय गरेको, सोही सम्झौताको आधारमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) अनुसार निर्माण व्यवसायीलाई खरिद सम्झौतापश्चात पेश्की रकम रु.१,०८,००,०००/- दिई योजनाको निर्माण अवधि तथा Advance Payment Guarantee को म्याद समाप्त भैसक्दा पनि मान्य अवधि थप गर्ने वा बैंक जमानत जफत गर्नेतर्फ पहल नगरी सार्वजनिक सम्पत्ति हानिनोक्सानी हुने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिएकोले निजहरुउपर रु.१,०८,००,०००/- (एक करोड आठ लाख) बिगो कायम गरी सोही ऐनले निर्देश गरेअनुसार दफा ३(१)(झ) र ३(१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन मागदाबी लिइएको छ।

**निर्माण व्यवसायी महालक्ष्मी/पाण्डे एण्ड कम्पनी/ड्रागन जे.भी.का आधिकारिक प्रतिनिधि बैजनाथ यादवले** कर्जन्हा नगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि Advance Payment Guarantee राखी Mobilization पेश्की भुक्तानी लिई निर्माण कार्य शुरु नगरेको र Advance Payment Guarantee को म्याद समाप्त भैसक्दा पनि म्याद थप नगरेको वा फिर्ता दाखिला नगरी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम कसुर गरेको देखिँदा निजउपर रु.१,०८,००,०००/- (एक करोड आठ लाख रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारलाई हुने सरह नै सजाय हुन मागदाबी लिइएको छ।

**निर्माण व्यवसायी महालक्ष्मी/पाण्डे एण्ड कम्पनी/ड्रागन जे.भी.को हकमा** कर्जन्हा नगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि Advance Payment Guarantee राखी Mobilization पेश्की भुक्तानी लिई निर्माण कार्य शुरु नगरेको र Advance Payment Guarantee को म्याद समाप्त भैसक्दा पनि म्याद थप नगरेको वा फिर्ता दाखिला नगरी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम कसुर गरेको देखिँदा उक्त जे.भी. फर्मलाई रु.१,०८,००,०००/- (एक करोड आठ लाख रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारलाई हुने सरह नै जरिवाना र बिगो असुलउपर हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे